Madhesh Agricultural University

# मधेश कृषि विश्वविद्यालय

राजविराज न.पा.- ३, मधेश प्रदेश, नेपाल

मिति : २०७९/०७/२८

## कृषि (B. Sc. Ag. Hons.) स्नातक तहमा विद्यार्थी भर्ना सम्बन्धी सूचना

प्रकाशित मिति: २०७९/०७/२८

शैक्षिक सत्र २०७९/०८० को लागि मधेश कृषि विश्वविद्यालय, राजविराज, सप्तरी अर्न्तगत कृषि संकायमा ४ वर्षे कृषि स्नातक (B.Sc. Ag. Hons.) तहमा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुले **मिति २०७९/०७/२९ गतेबाट** Online आवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदकले Online आवेदन फारामको साथ आफ्नो शैक्षिक योग्यताको लब्धाङ्क पत्र र नागरिकताको प्रमाणपत्र पेश गर्नु पर्नेछ । विभिन्न कोटा अर्न्तगत आवेदन दिन चाहने आवेदकहरुले सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिश पत्र र हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो १ (एक) प्रति Scan गरी संलग्न गर्नु पर्नेछ । नेपाल वाहेक अन्य संस्थावाट प्रमाणपत्र तह उत्तीर्ण गरेका आवेदकहरुले भर्नाको समयमा समकक्षता (Equivalence) को सक्कल प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

### १) Online आवेदन प्रक्रिया:

आवेदन फाराम आवेदक स्वयंले http://entrance.mau.edu.np/ मा online बाट मात्र भर्न सकिनेछ । आवेदनमा समावेश गरिएका
कागजात तथा जानकारीहरु झुटो वा अपुग पाइएमा अयोग्य हुनेछन ।

### २) आवश्यक न्युनतम शैक्षिक योग्यता :

क) भर्नाको आवेदन दिने विद्यार्थीले SEE वा सो सरहको परीक्षामा कम्तीमा द्वितीय श्रेणी वा 'C' Grade मा उत्तीण भई आई.एस्सी (विज्ञान, कृषि, पशु, वन) वा १० +२ विज्ञान वा १० +२ (कृषि वा सो सरहको तहमा) अंग्रेजी, भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान र गणित विषय अध्ययन गरी कूल प्राप्ताङ्कको कम्तीमा ५० (पचास प्रतिशत) अंङ्क Letter Grading System अर्न्तगत भए Aggregate मा 'C' वा 'C' CGPA/GPA 2.0 प्राप्त गरी उर्तिण भएको हुनु पर्नेछ । १०+२ कृषि विज्ञान विषय अध्ययन गरेको हकमा Transcript मा गणित विषयको Mark उल्लेख नभए गणित विषय पढेको थप मार्कसिट pdf वनाई upload गर्नु पर्नेछ । थप मार्कसिटमा प्रतिशत भए ५०% र Letter Grading भए 'C⁺' GPA 2.4 हुनु पर्नेछ ।

(ख) १०+२ को Aggregate Transcript नभई कक्षा १२ को Transcript मात्र भएको खण्डमा कक्षा १२ को Transcript लाई नै आधार मानिनेछ । कक्षा १२ को Transcript मात्र हुनेको हकमा कक्षा ११ को मार्किसिट पनि सोही Transcript सहित pdf वनाई upload गर्नु पर्नेछ ।

(ग) योग्यता नपुगी आवेदन फाराम भरेमा सो आवेदन फाराम अयोग्य ठहरिनेछ र आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन ।

### ३) आवेदन र परीक्षाको शुल्क :

प्रवेश परीक्षा शुल्क रु. २,०००।- (दुई हजार) मात्र Online बाट मात्र वुझाउँन सकिनेछ । मधेश कृषि विश्व विद्यालयको वेवसाइट http://entrance.mau.edu.np/मा गएर online payment बटनमा click गरेपछि connect IPS वा e-sewa वा Khalti बाट मात्र शुल्क भुक्तानी गर्न सकिनेछ । शुल्क भुक्तानी गरेपछि प्राप्त हुने भौचर कोड प्रयोग गरी प्रवेश परीक्षाको फाराम भर्नु पर्नेछ । शुल्क भुक्तानी गरेपछि प्राप्त हुने भौचर कोड प्रयोग गरी प्रवेश परीक्षाको फाराम भर्नु पर्नेछ ।

### ४ आवेदन दिने मिति र समय:

मिति २०७९/०७/२९ गते देखि २०७९/०८/२८ गते राती १२:०० बजेसम्म चौविसै घण्टा Online आवेदन फाराम भर्न सकिनेछ । Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा कार्यालय समयभित्र mauentrance@gmail.com मा सम्पर्क गरी प्राविधिक सहयोग लिन सकिनेछ ।

### ५) प्रवेश पत्र वितरण :

Online आवेदन फारम भर्ने म्याद सके पश्चात प्रकाशित मितिमा Online विधिद्वारा प्रवेशपत्र Download गरी लिन सकिनेछ । आवेदकले कुनै पनि browser खोली http://entrance.mau.edu.np/ type गरी, check your status मा click गरी आफ्नो information entry गरी search गर्दा देखाउने admit card अनिवार्य रुपमा **color print** गरी लिनुपर्नेछ ।

### ६) प्रश्नपत्र तथा परीक्षा सम्बन्धी जानकारी :

प्रवेश परीक्षामा प्रमाणपत्र तह/१०+२ का तल उल्लेखित विषयहरुबाट बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type) का जम्मा १०० वटा प्रश्नहरु हुनेछन् । परीक्षाको समय १ घंटा ३० मिनेट हुने छ ।

प्रश्नपत्रको विषयअनुसारका प्रश्न सख्या अंकभारको तालिका

| क.स. | विषय | प्रश्न संख्या र अंकभार | क.स. | विषय | प्रश्न संख्या र अंकभार |
|---|---|---|---|---|---|
| १ | अंग्रेजी | १५ | ५ | जुलोजी | १५ |
| २ | केमेष्ट्री | १० | ६ | वोटानी | १५ |
| ३ | फिजिक्स | १० | ७ | कृषि | १५ |
| ४ | गणित | १० | ८ | समान्य ज्ञान | १० |

Online आवेदन फारम भर्ने म्याद सके पश्चात प्रवेश परीक्षाको मिति र परीक्षा केन्द्र कृषि विश्वविद्यालय राजविराजले कृषि संकाय, राजविराज, सप्तरी कार्यालयले निर्धारण गर्ने छ र www.mau.edu.np मार्फत जानकारी गराइने छ।

### ७) भर्नाको आधार तथा नतीजा प्रकाशन :

प्रवेश परीक्षाको प्राप्ताङ्ग १००% अङ्ग भार दिइनेछ। सोको आधारमा योग्यताक्रम (Merit List) को सूचि तयार गरी योग्यताक्रम (Merit) अनुसार नै भर्नाको लागि नामावली प्रकाशन गरिनेछ । प्रवेश परीक्षाको उर्त्तीणाङ्ग ४०% हुनेछ । अङ्ग वरावर भएमा क्रमश: I. Sc./10+2 कुल प्राप्ताङ्ग (CGPA) र क्रमश: SEE/SLC वोटानी, जुलोजी, केमेष्ट्री, फिजिक्स, गणितमा प्राप्त अङ्गलाई आधार लिईने छ। नतीजा तथा योग्यताक्रम प्रकाशन सम्बन्धी सूचना विश्वविद्यालयको वेबसाईटमा पनि राखिने छ।

### ८) कोटा (मेरिट र आरक्षित कोटा) वर्गीकरण

प्रवेश परीक्षामा उत्तिर्ण हुने परीक्षार्थीहरु योग्यताक्रम अनुसार मेरिट कोटावाट १० जना तथा मधेश प्रदेश, दलित, जनजाति, अपाङ्ग, शहिद परिवार, द्वन्द पिडित, छात्रा, स्टाफ र स्थानीयकोटामा १/१ गरी जम्मा ९ र विश्वविद्यालय र कलेज विकास कोष (UDF/CDF) कोटामा ३१ गरी तालिकामा दिएअनुसार कुल ५० जना विद्यार्थीहरुको लागि संख्या निर्धारण गरिएको छ।

| क.स. | कोटा बिवरण | संख्या | नि:शुल्क | अर्ध सहुलियत | पूर्ण शुल्कीय |
|---|---|---|---|---|---|
| १ | मेरीट | १० | १० | | |
| २ | मधेश प्रदेश | १ | | १ | |
| ३ | दलित | १ | | १ | |
| ४ | आदिवासी जनजाति | १ | | १ | |
| ५ | अपाङ्ग | १ | | १ | |
| ६ | शहिद परिवार | १ | | १ | |
| ७ | द्वन्द पिडित | १ | | १ | |
| ८ | छात्रा | १ | | १ | |
| ९ | स्टाफ कोटा (कर्मचारी) | १ | | १ | |
| १० | स्थानिय कोटा | २ | | १ | १ |
| ११ | पूर्ण शुल्क UDF/CDF | ३० | | | ३० |
| | कूल | ५० | १० | ९ | ३१ |

प्रदेश कोटा अर्न्तगत पढ्नको लागि स्थायी ठेगाना र सामुदायिक विद्यालयमा अध्ययन गरेको एकै प्रदेश अर्न्तगतको हुनु पर्नेछ र उक्त विद्यार्थी महा र उप र नगरपालिका वा गाँउपालिका कार्यालयको सिफारिश पत्र पेश गर्नुपर्नेछ । छात्रा कोटा वाहेक अन्य कोटामा भर्ना हुन इच्छुक विद्यार्थीहरुले कोटाका लागि नियमानुसार तपशिल वमोजिमका सम्वन्धित निकायको प्रमाण सहित तोकिएको ढाँचामा नियमानुसारो प्रमाणपत्र वा सिफारिश पत्र Online बाट नै आवेदन दिनुपर्नेछ अन्यथा त्यस्ता निवेदन उपर कुनै कारवाही हुने छैन । सवै कोटाहरुमा मेरिट क्रमाङ्ग अनुसार भर्ना लिइनेछ।

**तपशिल:**

क) मधेश प्रदेश कोटा : मधेश प्रदेश सरकारको स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित प्रमाण पत्र ।

ख) दलित कोटा: राष्ट्रिय दलित आयोग र स्थानीय निकायबाट प्रमाणित प्रमाण पत्र ।

ग) जनजाती कोटा: आदिवासी जनजाती राष्ट्रिय महासंघमा सूचिकृत जाति वा स्थानीय निकायबाट प्रमाणित प्रमाण पत्र ।

घ) अपाङ्ग कोटा: वालवालिका महिला तथा ज्येष्ठ नागरीक मन्त्रालय र स्थानीय निकायबाट प्रमाणित प्रमाण पत्र ।

ङ) शहिद परिवार कोटा: आवेदकको नाता (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय र नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

च) द्वन्द पिडित परिवार कोटा: आवेदकको नाता खुलेको (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने गरी सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय र नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

छ) स्टाफ कोटा: सम्वन्धित शिक्षक र कर्मचारी र आवेदकको नाता खुलेका (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र कार्यरत निकाय प्रमुखको सिफारिस ।

ज) स्थानीय कोटा: विश्वविद्यालय कृषि संकाय अवस्थित स्थानको स्थानीय तहमा स्थानीय रुपमा वसोवास रहेको सिफारिश पत्र ।

### ९) भर्ना शुल्क, भर्ना प्रकृया तथा विद्यार्थी भर्ना तालिका

भर्ना शुल्क, भर्ना प्रकृया तथा विद्यार्थी भर्ना तालिका पछि प्रकाशित गरिने छ ।

१०) थप जानकारीहरु यस विश्वविद्यालयको सूचना पाटी वा www.mau.edu.np बाट वा टेलिफोन नं. ०३१-५९०५५५मा फोन गरी सूचना प्राप्त गर्न सकिनेछ ।

डा.वैद्यनाथ महतो
उपकलपति
**उपकुलपति**

Phone No. 031590555, Email:-mau@mau.edu.np, web.: - www.mau.edu.np.